स्थायी लेखा नं. : ६०५९९५२२०७ रजिष्ट्रेसन नं.: १६२४९३/०७३/०७४

# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

# UPPER ARUN HYDRO-ELECTRIC LIMITED



## पाचौ साधारण सभा समक्ष प्रस्तुत बार्षिक प्रतिवेदन

## आ.ब.२०७९/८०

काठमाडौँ महानगरपालिका, महाराजगन्ज, काठमाडौँ, बागमती प्रदेश, नेपाल

फोन नं. ९७७-१-४७२०५५३, ९७७-१-४७२०५४३

इमेल : upperarun@nea.org.np

# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

## UPPER ARUN HYDRO-ELECTRIC LIMITED

**विषय सुची**


१. संचालक समिति.......................................................................................................................३

२. पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना ..................................................................................४

३. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन..........................................................५-१४

४. आ.व. २०७९/०८० को लेखा परिक्षकको प्रतिबेदन सहित नाफा नोक्सान हिसाब, वासलात र नगद प्रबाह विवरण लगायत आर्थिक विवरण

५. कम्पनी सम्वन्धी अन्य जानकारी

# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड
# UPPER ARUN HYDRO-ELECTRIC LIMITED

## संचालक समिति



कुलमान घिसिङ
अध्यक्ष



लोक हरी लुइटेल
संचालक



फणीन्द्र राज जोशी
प्रवन्ध संचालक

अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेडको
पाँचौ साधारण सभामा अध्यक्षज्यू बाट प्रस्तुत प्रतिवेदन

# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

**पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०४)

यस कम्पनीको संचालक समितिको मिति २०८०/०९/०३ गते बसेको ५३ औ बैठकको निर्णय अनुसार कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्मपुर्ण शेयरधनी महानुभावहरु उपस्थित भईदिनुहुन अनुरोध छ।

**सधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८०/०९/२६ गते विहिबार (तदनुसार ११ जनवरी, २०२४)

समय : विहान ११ :०० बजे

स्थान : नेपाल विद्युत प्राधिकरणको सभाकक्ष दरवारमार्ग, काठमाण्डौ ।

**साधारण सभामा छलफलहुने विषयहरु**

१.साधारण प्रस्ताव :-

क. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत हुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने ।

ख. आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षकको प्रतिवेदन सहित नाफा नोक्सान हिसाब वासलात र नगद प्रवाह विवरण लगायत आर्थिक विवरण माथि छलफल गरी पारीत गर्ने ।

ग. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रामिक निर्धारण गर्ने ।

२. विशेष प्रस्ताव :-

कम्पनीको प्रबन्ध पत्र संशोधन गर्ने ।

३. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

<u>अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेडको</u>

<u>पाँचौ साधारण सभामा अध्यक्षज्यू बाट प्रस्तुत प्रतिवेदन</u>

अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडको
पाचौ साधारण सभाका लागि
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडको पाचौ साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

यो कम्पनी नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रुपमा मिति २०७३/१०/१२ गते कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई विधिवत रुपमा स्थापना भएको हो । कम्पनी अन्तर्गत अपर अरुण जलविद्युत आयोजना १०६३.३६ मे.वा. र इखुवा खोला जलविद्युत आयोजना ४० मे.वा. गरी दुइवटा आयोजनाहरुको सर्वेक्षण उत्पादन अनुमतिपत्र प्राप्त छ । अपर अरुण जलविद्युत आयोजना संखुवासभा जिल्ला, भोटखोला गाउँपालिकामा अवस्थित छ भने इखुवा खोला जलविद्युत आयोजना संखुवासभा जिल्ला, मकालुबरुण गाउँपालिकामा अवस्थित छ । कम्पनी अन्तर्गत सम्भाव्यता अध्ययन सम्पन्न भएको र पहुचमार्ग निर्माणको चरणमा अगाडी बढेको अपर अरुण जलविद्युत आयोजनाको निर्माण कार्य सन् २०३१ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिईएको छ । आयोजनाको निमार्ण पश्चात विशेषत सुख्खायाममा देशको विधमान उर्जा आपुर्तिको समस्या समाधान गर्न समेत ठुलो योगदान पुग्नुको साथै स्थानीय श्रोत तथा साधनको सदुपयोग भई समग्र देशको आर्थिक एवं सामाजिक विकासमा समेत टेवापुग्ने देखिन्छ ।

यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन र कम्पनी ऐन २०६३ मा निर्दिष्ट ढाँचा अनुरुपका सोही अवधिको लेखापरिक्षण भएका वित्तिय विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रस्तुत गर्न अवसर पाएकोमा आफुलाई गौरवान्वीत भएको अनुभुती गरेको छु । साथै यस अवधिमा कम्पनीले हासिल गरेका प्रगति विवरणहरु संक्षिप्त रुपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

**१. विगत वर्षहरुमा भएका कार्यहरुको सिंहावलोकन :**

**अनुमति पत्र आवेदन/नबिकरण:**

अपर अरुण ज. वि. आयोजनाको उत्पादन सर्भेक्षण अनुमति पत्र २०८१/०५/२४ सम्मका लागि तथा प्रशारणको सर्वेक्षण अनुमति पत्रको २०८१/०४/२७ सम्मका लागि नवीकरण भइसकेको छ ।

इखुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमति पत्रका लागि आवेदन पेश गरिएको छ साथै इखुवा खोला जलविद्युत आयोजनाको विद्युत प्रशारण लाइन आयोजनाको विद्युत प्रशारणको सर्वेक्षण अनुमति पत्र नविकरणको लागि पेश गरिएको छ ।

## अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेडको
## पाँचौ साधारण सभामा अध्यक्षज्यू बाट प्रस्तुत प्रतिवेदन

जलविद्युतको विकास तथा निर्माणमा नेपाली जनताको सहभागिता र स्वामित्व भाव कायम गरी आन्तरिक पुँजिबजारको माध्यमबाट प्रत्येक नेपाली नागरिकलाई जलविद्युत आयोजनाको विकास हेतु शेयर लगानी गर्ने अवसर प्रदान गर्ने र त्यसको समुचित प्रतिफल प्राप्त गर्ने अवसर तयार गर्न जनताको जलविद्युत कार्यक्रम अन्तर्गत यो अपर अरुण जलविद्युत आयोजना समेत समावेश भएकोले सोही अनुरुप कार्य भइरहेको छ ।

**१.१ कम्पनीको पुँजी संरचना तथा वित्तिय व्यवस्थापन :**

आयोजनाको कुल अनुमानित लागत Updated Feasibility Study Report 2021 अनुसार 1749 मिलियन अमेरिकी डलर रहेको छ । आयोजना निर्माणको लागी वित्तिय व्यवस्थापन सहुलियत ऋण तथा शेयर लगानीवाट गरिने छ । यस आयोजनाको निर्माणको वित्तीय व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दात्रि निकायहरु संग छलफल, बैठक तथा समन्वय भइरहेको छ ।

कम्पनीको हाल रहेको शेयर संरचना निम्नानुसार रहेको छ ।

क) नेपाल विद्युत प्राधिकरण - ६८%

ख) सर्वसाधारण शेयर समुह - ३२%

ख ) वर्गको सर्वसाधारण शेयर समुहको ३२% को संरचना निम्नानुसार रहेको छ ।

१. सर्वसाधारण नेपाली नागरिक र संस्था - १५%
२. आयोजना प्रभावित जिल्लावासी - १०%
३. लगानीकर्ता र कम्पनीका कर्मचारीहरु - ५%
४. अति विपन्न नागरिक, सहिद तथा वेपत्ता नागरिकका परिवार तथा अपाङ्ग - २%

**१.२ आयोजनाको वित्तिय व्यवस्थाः**

आ.व. २०७७/०७८ सम्म मा भएका खर्चहरु ने.वि.प्रा. ईन्जिनियरिङ्ग सेवा निर्देशनालय अन्तर्गतको अपर अरुण जलविद्युत आयोजनाबाट गरिएको थियो। साथै अपर अरुण जलविद्युत आयोजना र इखुवा खोला जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्यहरु विश्व बैंकको ऋण सहायता (IDA Credit 5728-NP ) अन्तर्गत Power Sector Reform and Sustainable Hydropower Development Project (PSRSHDP) को नाममा संचालन भएका थिए। हाल विश्वबैंकले Project Preparatory Fund (PPF) मार्फत आयोजना निर्माण तयारीको लागि ऋण सहायता गर्ने जनाएको छ र सो को ऋण सम्झौता हुने तयारीमा छ। आ.व. २०७८/०७९ देखि उल्लेखित दुवै आयोजनालाई कम्पनीमा हस्तान्तरण भई सम्पूर्ण कारोबार कम्पनी मार्फत भैरहेको छ ।

### १.३ कर्मचारी व्यवस्थापन :

अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रुपमा स्थापित यस कम्पनीमा आयोजनाको व्यवस्थापन तथा विभिन्न कार्यहरु गर्न नेपाल विद्युत प्राधिकरणबाट अपर अरुण हाइड्रो-इलेक्ट्रिक कम्पनिमा काजमा आएका कर्मचारी, निश्चित समय तोकि नियुक्त करारका कर्मचारी र दैनिक ज्यलादारी मार्फत कार्य सञ्चालन भई आएको छ । आर्थिक वर्ष २०७९।८० सम्ममा आयोजनामा दैनिक ज्यालादारी १२ करारमा नियुक्त ४ जना र ने.वि.प्रा.बाट काजमा आएका २० गरी जम्मा ३६ जना कर्मचारीहरु कार्यरत रहेकोमा आयोजनाको कार्यमा भएको वृद्धिको कारणले थप कर्मचारी आवश्यक भएको हुँदा आर्थिक वर्ष २०८०।८१ को मंसिर मसान्त सम्म थप १५ जना करारमा नियुक्ति गरी आयोजनाको कार्य अगाडी बढाइएको छ ।सो अनुसार अध्यावधिक कर्मचारीको विवरण देहाय बमोजिम रहेको छ ।

| कर्मचारीहरु | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा |
|---|---|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणबाट आयोजनामा काजमा खटिई आएका | प्राविधिक तर्फ | प्रशासन तर्फ | प्राविधिक तर्फ | प्रशासन तर्फ | |
| | १५ | ४ | १ | १ | २१ |
| करार सेवा | १३ | १ | ३ | २ | १९ |
| दैनिक ज्यालादारी | | | ८ | ५ | १३ |
| जम्मा | २८ | ५ | १२ | ८ | ५३ |

### २. आयोजना कार्यान्वयनको अवस्थाः

## क. पहुँच मार्ग निर्माणः

अपर अरुण जलविद्युत आयोजनाको पहुँच मार्ग निर्माण Construction of Access Road for Upper Arun Hydroelectric Project (UAHEP/078-79/ICB/AR/L1) कार्यको लागि मिति 2079/11/28 (March 12,2023) मा श्री Gayatri Projects Limited (GPL), India in joint venture with Kankai International Builders Pvt. Ltd, Nepal (KIBPL) (GPL-KIBPL JV) संग Provisional Sum तथा मूल्य अभिवृद्धी कर सहित ने. रू ७,९१,३९,४१,५५३.३१ (अक्षेरेपी रूपैयाः सात अर्व एकानब्बे करोड उनन्नचालिस लाख एकचालिस हजार पाँचसय त्रीपन्न रूपैया र एकतीस पैसा मात्र) मा सम्झौता भई निज निर्माण व्यवसायी आयोजना स्थलमा mobilize भईसकेको छ। हाल आयोजनास्थलमा Bridge-2 मा दुई वटा Confirmatory Boreholes सम्पन्न भएको छ, Joint survey अन्तिम चरणमा पुगेको, Ferry निर्माण कार्य भैरहेको, Helipad निर्माण कार्य भइरहेको, Contractor’s Camp र Lab House निर्माण कार्य सम्पन्न भएको छ र Equipment खरिद कार्य भईरहेको छ। निज निर्माण व्यवसायीले छ (६) वटा Workfront बाट कार्य सुचारु गर्ने गरी करार सम्झौता गरिएको छ ।

**ख. आयोजनाको Camp facilities (Phase I) निर्माण कार्यः**

आयोजनाको लागी क्याम्प निर्माण गर्न निर्माण व्यवसायी Baisdhara Nirman Sewa संग भएको Provisional Sum तथा मूल्य अभिवृद्धी कर सहित ने. रू १३,३८,४३,२७६.१६ (अक्षेरेपी : तेह्र करोड अठ्तीस लाख त्रिचालिस हजार दुई सय छयत्तर रुपैया सोह्र पैसा मात्र) मा मिति २०८०/०१/२६ (May 09, 2023) मा भएको सम्झौता अनुसार निजले Labor Camp निर्माण गरी आवश्यक सामाग्री र उपकरण mobilize गर्ने कार्यका साथै कर्मचारी आवास निर्माण कार्य अन्तर्गत Residential Building 1 and 3, Office block, Kitchen Block र Boundary wall निर्माण कार्य गरिरहेको छ । कार्य प्रगतिमा देखिएको कमि कमजोरीलाई तत्काल सुधार गरी सम्झौता अवधिमै सम्पन्न गर्न निर्माण व्यवसायी लाई पटक पटक पत्राचार तथा माइन्युट गरिएको छ ।

**ग. अपर अरुण ज.वि.आ. को विस्तृत डिजाइन सम्बन्धि कार्य:**

अपर अरुण ज.वि.आ. को Tender design, Preparation of Tender Document, Construction Supervision र Post-Construction Services कार्यका लागि परामर्शदातासँग Draft Negotiated Contract मा initial हस्ताक्षर गरी विश्व बैकको स्वीकृतीको लागि पेश गरिएको छ ।

**घ. इखुवाखोला ज.वि.आ. को टेन्डर डिजाइन सम्बन्धि कार्यः**

Preparation of Ikhuwa Khola hydropower Project for implementation कार्यको लागी Chilime Engineering and Services Company Limited (CHesCo) संग August 22, 2022 मा मूल्य अभिवृद्धी कर सहित ४,१८,६५,७९८.५६(चार करोड अठार लाख पैसट्टी हजार सात सय अन्ठानब्वे रुपैया पैसा छपन्न मात्र) मा सम्झौता भई कार्य भईरहेको छ ।

**ङ. Hydraulic Model Test सम्बन्धि अध्ययन कार्यः**

अपर अरुण जल विद्युत आयोजना र Hydro Lab Pvt. Ltd. Kathmandu बीच “Hydraulic Model Study for Upper Arun Hydro-Electric Project” कार्यको लागि November 17, 2022 मा मूल्य अभिवृद्धी कर सहित रु. ३,९०,२२,४२३.०० ( अक्षरुपी तीन करोड नव्वे लाख बाइस हजार चार सय तेइस) मा सम्झौता भई उक्त परामर्शदाताद्वारा Inception Report पेश भएको छ ।

**च जियोलोजिकल तथा जियोटेक्निकल अध्ययन कार्यः**

हाल आयोजनास्थालमा बृहत भौगोलिक अनुसन्धान कार्य भईरहेका छन र यस अन्तर्गत माटो ढुंगा तथा कंक्रिट प्रयोगशालाद्वारा (SRCL) Test Adit खन्ने तथा Core drilling कार्यहरु भइरहेको छ । थप अध्ययन

कार्य जस्तै Over Coring Test र Hydro fracture test जस्ता कार्य सम्पन्न गर्नको लागि नयाँ परामर्शदाता नियुक्ति गर्ने गृहकार्य भैरहेको छ ।

**छ. आयोजनाको लागि जग्गाअधिग्रहण तथा क्षतिपूर्ति सम्बन्धित कार्यः**

यस कम्पनी अन्तर्गतको अपर अरुण आयोजनाको लागि करिब २६०० रोपनी जग्गा जग्गा अधिग्रहण गर्ने कार्य अर्न्तगत हालसम्म ९५ प्रतिशत कार्य सम्पन्न भईसकेको छ भने जग्गा अधिग्रहण गर्ने क्रममा उक्त जग्गाहरुमा पर्ने भौतिक संरचनाहरुको क्षतिपर्ति भुक्तानी तथा आयोजनाबाट विस्थापितहरुलाइ पुनर्बास गराउने कार्यको लागि पुनर्बास योजना अनुरुप उपलब्ध गराइने भत्ता भुत्तानी गर्ने कार्यमध्ये करिव ९९% कार्य सम्पन्न भएको छ ।

**ज. पहुंच मार्ग सम्बन्धि डिटेल डिजाइन तथा निर्माण सुपरिवेक्षण कार्यः**

प्रवेश मार्गको Construction Supervision (Phase II) कार्यको लागि परामर्शदाता JV of Kyong Dong Engineering Co. Ltd., Korea and Nepal Consult (P) Ltd., Nepal in association with Total Management Services Pvt. Ltd.), Nepal संग April 10, 2023 मा सम्झौता रकम USD 1,190,568.00 र मुल्य अभिवृद्धि कर सहित NRs. 153,352,300.00 (पन्ध्र करोड तेत्तिस लाख वाउन्न हजार तीन सय मात्र) मा सम्झौता भई सो परामर्शदाता आयोजना स्थलमा mobilize भई परामर्शदाताले निर्माण व्यवसायीसंग साप्ताहिक बैठक गर्ने तथा निर्माण सुपरिवेक्षण गर्ने कार्य गरिरहेको छ ।

**झ. अपर अरुण तथा इखुवा खोला जल विद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धि अध्ययन कार्य (Fishery baseline study, ESIA, CIA, SPS, FPIC etc..):**

आयोजनाका लागि विश्व बैंकको मापदण्ड अनुसार ESIA, CIA and SPS प्रतिवेदन विश्वबैंकले स्वीकृत गरिसकेको छ र थप दुई अध्ययन कार्य (Mammal study and E-Flow study) भइरहेको छ ।

साथै आयोजनाको EIA report वन तथा वातावरण मन्त्रालयमा पेश भएको छ । अपर अरुण तथा इखुवा खोला जल विद्युत आयोजना अन्तर्गत रहेको पहुँच मार्गको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन (EIA) स्वीकृत भएको छ । FPIC मा हस्ताक्षर भई IPP (Indigenous People Plan) तथा RAP (Resettlement Action Plan) समेत स्वीकृत भईसकेको छ र रुख काट्ने अनुमतिको लागि सम्बन्धित मन्त्रालयमा स्वीकृतिको लागि पेश गरिएको छ । IPP implementation सम्बन्धि कार्यविधिहरु तयार भैरहेको छ ।

**ञ. आदिवासी जनजाति योजना कार्यान्वयन सम्बन्धि कार्यः**

विश्व बैंकको मापदण्ड ESS7 अनुसारको IPP (Indigenous People Plan) implementation सम्बन्धि कार्यविधि तयार भइसकेको छ र यस सम्बन्धि कार्यको अवधि ५ वर्ष रहेको छ ।

**ट. आयोजनको प्राविधिक तथा वातावरणसंग सम्बन्धित अन्तराष्ट्रिय अनुभव प्राप्त Panel of Expert (POE) नियुक्त गरि कार्य गर्ने :** आयोजनाको लागि परामर्शदाताहरुको प्रतिवेदनहरु Independent Review गर्न Dam Safety Panel of Experts (DSPOE) र Environment and Social Panel of Experts (ESPOE) को नियुक्तिका लागि तयारी भइरहेको छ ।

**ठ. वित्तीय व्यवस्थापनका कार्य:**

अपर अरुण जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरु संग छलफल, बैठक, तथा समन्वय भइरहेको छ । आन्तरिक लगानीतर्फ HIDCL (जलविद्युत लगानी विकास कम्पनि लिमिटेड) संग MoU भइसकेको छ तथा अन्तराष्ट्रिय दातृ निकायमा विश्व बैंकको अग्रसरतामा अन्य दातृ निकाय तथा सरोकारवाला संग छलफल तथा समन्वय भइरहेको छ ।

**ड. सरोकारवालासंग समन्वय तथा परामर्श :**

विभिन्न दातृ निकायहरु, सम्बन्धित मन्त्रालयहरु, विभागहरु, स्थानीय सरकार, प्रदेश सरकार, जिल्ला कार्यालयहरु, NGOs, INGOs हरुसंग आयोजनाका लागि आवश्यक अनुमति, संग्लग्नता, समन्वय तथा परामर्शहरु हुँदै आइरहेको छ र भोलिका दिनमा कोष सुरक्षित हुदैं गर्दा थप समन्वय हुदैं जाने अवस्था रहेको छ ।

**३. आयोजना कार्यान्वयनमा देखिएका केही समस्या तथा चुनौतिहरु :**

क) अपर अरुण जलविद्युत आयोजनाको टेण्डर डिजाईन तथा विडिङ डकुमेण्ट तयार पार्न, निर्माण सुपरिवेक्षण गर्न र त्रुटी सच्याउने अवधि सम्मको कार्यको लागि परामर्शदाता छनौट गर्ने प्रक्रिया शुरु गरिसकेको भएपनि विश्व बैंकबाट आयोजनाले तयार गरेको Draft Negotiated Contract र Minutes of Contract Negotiation मा स्वीकृती दिन ढिलाई भएको हुनाले परामर्शदाता छनौट सम्बन्धी अन्तिम टुंगो लाग्न केहि समय लाग्ने देखिएको हुनाले स्वाभाविक रुपमा आयोजनाको प्रगतिमा असर परेको छ ।

ख) आयोजनाको पहुँच मार्ग निर्माण कार्यसंग सम्बन्धित रुख कटान तथा जग्गा भोगाधिकारको लागि वन तथा वातावरण मन्त्रालयमा मिति २०७९।०२।०३ गते उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत सिफारिस गरी पठाएकोमा सो सम्बन्धी निर्णय हाल सम्म पनि भईनसकेको हुँदा पहुँच मार्गको निर्माण कार्य शुरु गर्न ढिला भएको र आयोजनाको प्रगतिमा गंभिर असर परेको छ ।

ग) आयोजनाको क्षमता शुरुमा ३३५ मे. वा. रहेकोमा अध्यनबाट १०६३.३६ मे. वा. हुन जाँदा DSPOE बाट थप विस्तृत भौगोलिक अध्ययन (करिब ४५०० मी. Core drilling) हुनुपर्ने भनि सिफारिस भएकोले सो कार्य समयमै सम्पन्न गर्न आयोजना स्थलका विभिन्न स्थानमा Heli lifting गरेर equipment

ढुवानी गर्नुपर्नेमा MI-17 Helicopter समयमा उपलब्ध नभएको हुनाले भौगोलिक अध्ययन कार्य समयमै सम्पन्न गर्न चुनौती रहेको छ ।

घ) आयोजना निर्माणलाई आवश्यक पर्ने ठुलो लगानीको वित्तिय ब्यबस्थापन समयमै सम्पन्न गर्न चुनौती रहेको छ ।

ङ) आयोजनाको पावरहाउस देखि डयामसाइट सम्म निर्माण गरिने करिब २३ कि.मी.पहुच मार्ग (जस मध्ये २ कि.मी.रोड टनेल सहित) अत्यन्त्यै जटिल भौगोलिक अवस्था तथा केहि घना बस्ती भएका गाउँहरु भएर निर्माण गर्नुपर्ने भएकोले समयमै सम्पन्न गर्न निकै चुनौती देखिन्छ ।

च) आयोजना स्थलसम्म पहुँचको लागी निर्माणाधीन कोशी राजमार्गको अवस्था राम्रो नभएको हुँदा आयोजनाको Heavy Equipment र पहुँचको लागी समय समयमा अवरोध आई समस्या भईरहेको ।

छ) विश्व बैंकको प्रावधान अनुसार गर्नुपर्ने पुनर्वास कार्ययोजना र जीविकोपार्जन उत्थान कार्यक्रम लागु गर्न चुनौती रहेको छ ।

ज) विश्व बैंकले आयोजनाका प्रतिवेदनहरुको विभिन्न चरणमा Internal review गर्ने भएकोले आयोजना विभिन्न कार्यहरु करार सम्झौता अवधिमा सम्पन्न गर्न चुनौती रहेको छ ।

झ) आयोजनास्थलमा भरपर्दो संचार र सुरक्षाको व्यवस्था नभएको ।

ञ) समन्वयमा समस्याः आयोजनासंग सम्बन्धित निर्णयहरुमा विभिन्न मन्त्रालय र त्यसअन्तर्गतका बिभागहरु संग्लग्न हुने र सो विभिन्न निकायहरुसंग समन्वयमा धेरै समय लाग्ने ।

ट) स्थानिय तथा प्रभावितको माग तथा अपेक्षा : स्थानिय तथा आयोजना प्रभावित जनसमुदायको आयोजनाप्रतिको माग र अपेक्षा अधिक देखिएको छ । आयोजनाबाट निर्माणको समयमा सामाजिक दायित्व पुरा गर्न संवेदनशिल हुँदाहुँदै आयोजना प्रभावित जग्गा धनिहरु तथा अन्य स्थानीयहरुको माग अनुसार जग्गा तथा घर टहराको उचित क्षतिपूर्ति प्रदान गर्ने रोजगारी प्रदान गर्ने कामको अवसर सृजना गर्ने तथा स्थानिय सामाजिक विकास गर्ने कार्यहरु विच तालमेल मिलाउन कठिन हुने देखिन्छ ।

४. सञ्चालक समिति :

यस कम्पनीको नियमावलीको परिच्छेद ४ को नियम २७ मा कम्पनीमा ५ जनाको सञ्चालक समिति रहने व्यवस्था रहेको छ । संस्थापक समूहबाट निर्वाचित ३ जना सर्वसाधारण समूहबाट १ जना र स्वतन्त्र संचालक १ जना हुनेछन् । हाल यस कम्पनीमा प्राधिकरणबाट सञ्चालक समितिमा जम्मा ३ जना सञ्चालक सदस्यहरु रहेका छन् । हालसम्म सञ्चालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनु भएको छ ।

| सि.नं. | नाम | पद | ठेगाना | अवधि |
|---|---|---|---|---|
| १. | श्री कुलमान घिसिङ | अध्यक्ष | ने.वि.प्रा. | २०७४/१/२७ देखि २०७७/०५/२९ सम्म |

| | | | | |
|---|---|---|---|---|
| २. | श्री राजीव शर्मा | संचालक | ने.वि.प्रा. | २०७४/१/२७ देखि २०७६/०३/१४ सम्म |
| ३. | श्री विश्व ध्वज जोशी | प्रबन्ध-संचालक | ने.वि.प्रा. | २०७४/०९/०२ देखि २०७५/०५/०१ |
| ४. | श्री जगदिश्वर मान सिंह | संचालक | ने.वि.प्रा. | २०७६/०३/१५ देखि २०७६/१०/२३ सम्म |
| ५. | श्री ज्ञानेन्द्रमान जोशी | संचालक | ने.वि.प्रा. | २०७६/०३/१५ देखि २०७६/१०/२३ सम्म |
| ६. | श्री माधव प्रसाद कोइराला | संचालक | ने.वि.प्रा. | २०७६/१०/२३ देखि २०७७/०९/०३ सम्म |
| ७. | श्री लेखनाथ कोइराला | संचालक | ने.वि.प्रा. | २०७६/०६/१२ देखि २०७७/०८/०२ सम्म |
| ८. | श्री हितेन्द्र देव शाक्य | अध्यक्ष | ने.वि.प्रा. | २०७७/०८/०३ देखि २०७८/०५/०३ सम्म |
| ९. | श्री लोकहरी लुइँटेल | संचालक | ने.वि.प्रा. | २०७७/०९/०३ देखि हाल सम्म |
| १०. | श्री फणीन्द्र राज जोशी | प्रबन्ध-संचालक | ने.वि.प्रा. | २०७६/१०/२३ देखि हाल सम्म |
| ११. | श्री कुलमान घिसिङ | अध्यक्ष | ने.वि.प्रा. | २०७८/०५/०४ देखि हाल सम्म |

आ.व. २०७९/८० मा १६ पटक सञ्चालक समितिको बैठक बसेको थियो । सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालक तथा आमन्त्रितलाई बैठक भत्ता वापत प्रति व्यक्ति प्रति बैठक रु. ५,०००।०० अपर अरुण हाईड्रो-इलेक्ट्रिक कम्पनी लिमिटेडमा लेखाङ्कन गरि खर्च गरीएको छ ।

**५) आन्तरिक नियन्त्रण प्रणाली :**

आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन कम्पनीको आर्थिक विनियमावली, कर्मचारी प्रशासन विनियमावली, दैनिक भ्रमण भत्ता विनियमावली तयार गरि मिति २०७५/०४/२८ को सञ्चालक समितिको आठौ बैठकबाट स्विकृत भईसकेको छ भने कम्पनीको आर्थिक कामकारवाही लेखा तथा लेखापरीक्षाण सम्वन्धमा व्यवस्थापनलाई निर्देशन तथा सुझाव प्रदान गर्न तीन सदस्यीय लेखापरीक्षण समिति गठन गरिएको र अन्तरिक लेखापरीक्षण समेत स्वतन्त्र चार्टड एकाउन्ट्स फर्मबाट गर्ने व्यवस्था मिलाईएको छ ।

**६) लेखापरीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिकृयाः**

कम्पनीको आ.व.२०७९/८० को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित विषय कैफियत र सुझावहरुका सम्वन्धमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ। यस सम्वन्धमा आवश्यक सुधारका लागि कम्पनी प्रयत्नशील रहेको छ ।

## ७) आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित कार्यक्रमहरु

क) अपर अरुण ज.वि.आ. को ‘Tender Design, Preparation of Bidding Document, Construction Supervision and Post Construction Services for the Upper Arun Hydroelectric Project कार्यको लागी अन्तरास्ट्रिय स्तरको परामर्शदातासंग खरिद सम्झौता गरी कार्य शुरु गर्ने ।

ख) आयोजनाको पहुँच मार्ग निर्माण कार्यसंग सम्बन्धित रुख कटान तथा सरकारी जग्गा भोगाधिकारको स्वीकृति प्राप्त गरी रुख कटान कार्य सम्पन्न गर्ने र अपर अरुण आयोजनाको पहुचमार्ग करिब २३ कि.मि. निर्माणकार्यको सम्झौता अनुसार प्रगति हासिल गर्ने गरी अगाडी बढाउने ।

ग) अपर अरुण जलविद्युत आयोजना को Hydraulic Model Study कार्य सम्पन्न गर्ने ।

घ) अपर अरुण जलविद्युत आयोजनाको विस्तृत डिजाइन सम्बन्धि कार्य अन्तर्गत Test Audit Excavation कार्य सम्पन्न गर्ने ।

ङ) Additional Investigation कार्य अन्तर्गत Core Drilling कार्य र सो सम्बन्धित टेस्टहरु सम्पन्न गरी प्रतिवेदन तयार गर्ने ।

च) आयोजनाको EIA स्वीकृति सम्बन्धी प्रक्रिया सम्पन्न गर्ने अपर अरुण र इखुवा खोलाको Transmission Line को IEE प्रतिवेदन तयार पारि सम्बन्धित निकायमा स्वीकृतिको लागि पेस गर्ने ।

छ) पहुंचमार्गको वातावरणीय र सामाजिक अनुगमन तथा न्यूनीकरण कार्यको लागि परामर्शदाता नियुक्त गर्ने।

ज) IPP implementation सम्बन्धी कार्य शुरु गर्ने ।

झ) आयोजनाको पहिलो चरणको कर्मचारी आवास गृहको निर्माण कार्य सम्पन्न गर्ने ।

ञ) यसैगरि आयोजनाको मुख्य संरचना, पहुच मार्ग र कर्मचारी आवासगृहहरु निर्माणको लागि वितरण गर्न बाँकी मुआब्जा तथा क्षतिपूर्ति रकम वितरण गर्ने ।

ट) अपर अरुण आयोजना निर्माणको लागि वित्तिय व्यवस्थापन अन्तर्गत आयोजनाको लगानीको ढाँचा तयार गर्ने कार्य सम्पन्न गर्ने ।

ठ) इखुवा खोला जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन सम्वन्धी कार्य सम्पन्न गर्ने सोही अनुसार आयोजनालाई आवश्यक पर्ने जग्गा अधिकरण गर्ने ।

ड) इखुवा खोला जलविद्युत आयोजनाको बोलपत्र तयार गरि निर्माण कार्य अगाडी बढाउने ।

ढ) इखुवा खोला जलविद्युत आयोजनाको पहुँच मार्ग र पक्कि पूल निर्माणको लागी बोलपत्र आह्वान गर्ने ।

ण) इखुवाखोला जलविद्युत आयोजना निर्माण गर्नको लागि वित्तीय व्यवस्थापन गर्ने ।

त) कम्पनी अन्तर्गतका आयोजनाहरुको निर्माण कार्य लगायतका कार्यहरुमा वृद्धि हुदै गइरहेकोले सोही अनुसार स्वीकृत दरवन्दी अन्तर्गत रही आवश्यक कर्मचारीहरु करारमा नियुक्ति गर्ने ।

## ८) कृतज्ञता तथा धन्यवाद ज्ञापन :

आयोजना निर्माणको लागि आवश्यक सहयोग पुर्याउदै आउनु भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय

<u>अपर अरुण हाइड्रो–इलेक्ट्रिक लिमिटेडको</u>
<u>पाँचौ साधारण सभामा अध्यक्षज्यू बाट प्रस्तुत प्रतिवेदन</u>

योजना आयोग, नेपाल राष्ट्र बैंक, विद्युत विकाश बिभाग, वन विभाग, कम्पनी रजिष्टारको कार्यालय, सम्पूर्ण सुरक्षा निकायहरु, नेपाल विद्युत प्राधिकरण, आयोजना प्रभावित गाउँपालिका, जिल्ला स्थित विभिन्न कार्यालय, परामर्शदाता एवम् आयोजना संग सम्बन्धित सबैलाई धन्यवाद व्यक्त गर्दछु ।
यस कम्पनीद्वारा प्रबर्धित आयोजनाहरुको अध्ययन तथा निर्माण तयारीमा आर्थिक सहयोग पुर्याउने दातृ निकाय विश्व बैंक तथा आयोजनाको विकासको लागि स्वदेशी लगानी जुटाउन संलग्न वित्तीय सस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

साथै आयोजनको गतिविधी सर्वसाधरण सम्म पुर्याउन सहयोग गर्नुहुने सम्पूर्ण पत्रकार महानुभावहरु र सञ्चार क्षेत्रलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

कम्पनी अन्तर्गतका आयोजनाहरुलाई सफल तुल्याउन निरन्तर लागी रहनु भएका प्रबन्ध संचालक लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरुमा समेत यस कम्पनीबाट निर्माण हुन लागेको आयोजनालाई निर्धारित समयमा कार्य सम्पन्न हुने गरी सफल तुल्याउनका लागि सबै निकाय एवम् जिल्लावासी हरुबाट निरन्तर सहयोगको अपेक्षा राखेका छौं । यस गरिमामय पाँचौ साधारणसभामा संचालक समितिका तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन तथा आगामी वर्षको प्रस्तावित कार्यक्रमहरु (आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम) उपर घनिभूत छलफल गरी कम्पनीलाई लक्ष्य प्राप्त गर्न सक्षम बनाउन उपयुक्त सुझावहरु प्राप्त हुने अपेक्षा सहित प्रस्तावित प्रतिवेदनहरु पारित गरिदिनुहुन यो सभा समक्ष अनुरोध गर्दछु ।
अन्त्यमा शेयरधनी महानुभावहरुबाट सदैव प्राप्त सहयोग, सदभाव र विश्वासको निमित्त हार्दिक कृतज्ञता सहित विशेष धन्यवाद व्यक्त गर्दछु । धन्यवाद ।

................................
कुलमान घिसिङ
अध्यक्ष
अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड